जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ४८ २०८१ साल भदौं २८ गते शुक्रबार (13 Sep. 2024 Friday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : कस्तो बनाउने सार्वजनिक.. ३ पृष्ठमा : भूकम्प र कोभिडपछि खस्किएको... ३ पृष्ठमा : विश्वको आधाभन्दा बढी ...

# कृषि विश्वविद्यालय प्रति भ्रम फैलाउने काम भएको छ : महेश यादव



**दैनिक समाचारदाता**
**राजविराज, २७ भदौ ।**

जनमत पार्टी मधेश प्रदेश संसदीय दलका नेता महेश प्रसाद यादवले कृषि विश्वविद्यालय प्रति भ्रम फैलाउने काम भएको बताएका छन् ।

मधेश प्रदेशसभाको बिहीबारको बैठकमा बोल्दै प्रदेशसभा सदस्य समेत रहेको पूर्वमन्त्री यादवले राजविराजस्थित कृषि विश्वविद्यालयको बारे आम जनतामा भ्रम फैलाउने. काम भएको बताए ।

उनले जनता समाजवादी पार्टी नेपालका नेताहरुप्रति लक्षित गर्दे वर्तमान सरकारले १० लाख मात्रै बजेट विनियोजन गरेर विश्वविद्यालयलाई समाप्त पार्न खोजेको भ्रम फैलाउनु गलत भएको उल्लेख गरे ।

'अहिले पनि विश्वविद्यालयको खातामा ३२ करोड छ' यादवले भने, 'जनतालाई गलत ट्रिट गर्ने प्रयास नगर्नुस् ।' विश्वविद्यालयलाई निजिकरण र पार्टीकरण गर्न खोजिएको आरोप लगाउँदै उनले मधेश सरकारको गौरबको योजनाहरुको स्वामित्व सबैले लिनुपर्नेमा जोड दिए ।

जसपा नेपालप्रति इंगित गर्दै २०७८ साल फागुन १० मा सिनेटको पहिलो बैठकका निर्णय समेत प्रमाणिकारण नहुँद राजिष्ट्रर उपकूलपतिले सो निर्णय कार्यान्वय गर्दा अख्तियार सतर्कता केन्द्रले पत्राचार गरेको बताउँदै जन्म नहुँदै समाप्त हुने अवस्थामा पुगेको कृषि विश्वविद्यालयलाई आफूले जोगाएको बताए ।

'२०८० साल असार ७ मा दोश्रो सिनेटको बैठक सहकूलपतिको नाताले आफ्नो अध्यक्षमा भएको र ताल्चा लाग्ने अवस्थामा पुगिसकेका विश्वविद्यालयलाई निर्णय प्रमाणिकरण गरेर आफूले जोगाएको हुँ' प्रदेशसभा बैठकमा यादवले भने ।

कृषि विश्वविद्यालयमा विद्यार्थी भर्ना र परीक्षाका लागि बोर्ड समेत गठन नभएर भिसी रजिष्ट्रारले 'वन म्यान आर्मी जस्तो' कार्यविधि बाहिरको काम गर्नु गलत भएको त्यसलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिए ।

जनता समाजवादी पार्टी नेपालले कृषि विश्वविद्यालयकमा न्यून बजेट विनियोजन गरिएको विषयलाई लिएर बुधबार मधेश प्रदेश प्रदेशका आठवटै प्रमुख जिल्ला अधिकारी मार्फत मुख्यमन्त्री सतिश कुमार सिंहलाई ज्ञापनपत्र बुझाएका थिए ।

# आत्महत्या घट्ना न्यूनिकरणका लागी १८ वटै पालिकामा "ग्रासरुट अभियान"

**दैनिक समाचारदाता**
**राजविराज, २७ भदौं ।**

आत्महत्या घट्ना न्युनिकरणका लागि सप्तरीको १८ वटै पालिकामा ग्रासरुट अभियान संचालन हुने भएको छ ।

विहीवार प्रमुख जिल्ला अधिकारी मेख बहादुर मग्रातीको कार्यकक्षमा वसेको जिल्ला आत्महत्या न्यूनिकरण तथा व्यवस्थापन अभियान समितिको बैठकले आत्महत्या घटना न्यूनिकरणका लागी "ग्रासरुट कार्यक्रम" गाउँ गाउँ सम्म लैजाने निर्णय गरेको हो ।

समितीका संयोजक जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रमुख गजुसिद्धी बज्राचार्यको अध्यक्षता तथा समितीका सल्लाहकार प्रमुख जिल्ला अधिकारी मग्रातीको प्रमुख अतिथ्यमा वसेको समितीको बैठकले आत्महत्या भयाबह समस्याको रुपमा देखिएकाले यसका लागी आत्महत्या न्यूनिकरण अभियान ग्रास रुट कार्यक्रममार्फत गाउँ गाउँमा पुऱ्याउने निर्णय गरेको छ ।

बैठकले ग्रास रुट कार्यक्रम प्रभावकारी कार्यान्वयनका लागी जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख जागेश्वर प्रसाद खड्गाको संयोजकत्वमा जिल्ला स्तरीय आत्महत्या न्यूनिकरण तथा व्यवस्थापन कार्यदल समेत गठन गरेको छ ।

कार्यदलको सहसंयोजकमा गजेन्द्र नारायण सिह अस्पतालका चिकित्सक डा. डिकेन्द्र यादव, उपाध्यक्षमा गैसस महासंघका अध्यक्ष दिपक झा तथा सदस्यसचिवमा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक संतोष रसाईली रहेका छन ।

यस्तै सदस्यहरुमा नेपाल पत्रकार महासंघका केन्द्रीय परिषद सदस्य मनोज कुमार माझी, महिला संजालकी मालती देवी सदा, एफएम संचालकको तर्फबाट करुणा झा, सामुदायीक सेवा केन्द्रका धीरेन्द्र दास, जिल्ला आर्यूवेद स्वास्थ्य केन्द्रका डा.भोला प्रसाद साह, शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख विजय कुमार मण्डल, नेपाल रेडक्रस सोसाईटी शाखाका ब्रह्मदेव यादव, उधोग बाणिज्य संघ सप्तरीका महासचिव अमृत संचेती, स्वास्थ्यकर्मी मनिषा सिम्खडा र समाजिक यूवा क्लबका प्रज्वल सिंह रहेका छन ।

बैठकले आत्महत्या न्यूनिरकण तथा व्यवस्थापन कार्य योजना २०८१ को परिच्छेद ३ ( क) अनुसार जिल्लामा सचेतना र घटनान्यूनिकरणका लागी सुचना डेस्क, सुचना संकलन डेस्क, सुचना विश्लेषण र सम्प्रेषण डेस्क र सहायता टोली तथा वडामा ग्रासरुट अभियान प्रभावकारी कार्यान्वयन र संचालनका लागी पालिका तथा वडास्तरीय आत्महत्या न्यूनिकरण र व्यवस्थापन कार्यदल गठन गर्ने निर्णय समेत गरेको छ ।

बैठकमा सहभागीले जिल्लाको १८ पालिका मध्ये कंचनरुप नगरपालिकामा मात्र मनोपरामर्श दाताको नियुक्ती रहेकोमा चिन्ता ब्यक्त गर्दै बाकी १७ पालिकामा समेत मनोपरामर्श दाताको नियुक्ती गर्न सकिए आत्महत्या घट्ना न्यूनीकरणमा मद्दत पुग्ने बताएका थिए । कतिपय सहभागीले बजारमा जथाभावी बिक्रि वितरण हुने विषादी र त्यसको प्रयोगले पनि आत्महत्याको घट्ना बढ्दै गएको भन्दै सचेतना मूलक कार्यक्रम संगै विषादी बेचविखन गर्ने पसलको अनुगमन गरी विषादी बिक्री प्रकृयालाई अलि कडा बनाईनु पर्ने सुझाव समेत दिएका थिए ।

सप्तरीमा २०७८/०७९ मा झुण्डिएर विष सेवन गरेर र आगो लगाएर १ सय १५, २०७९/०८० मा १ सय ३६ र ०८०/०८१ मा १ सय ७ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्कले देखाएको छ ।

# गाजासहित साधु पक्राउ

**दैनिक समाचारदाता**
**रौतहट, २७ भदौ ।**

रौतहटको देवाही गोनाही नगरक्षेत्र अन्तर्गतको गाउँबाट लागू औषधसहित एक जना साधु पक्राउ परेका छन् ।

देवाही गोनाही नगरपालिका-९ धरहरी राम जानकी मठमा बस्दै आएका साधु सिकेन्द्र राय यादव गाँजासहित पक्राउ परेका हुन् ।

मन्दिरबाट गाँजा बेचबिखन गर्ने गरेको सूचना अनुसार इलाका प्रहरी कार्यालय गोनाहीबाट गएको टोलीले बुधबारराति चेकजाँच गर्दा लुकाई राखेको अन्दाजी १ किलो ग्राम लागु औषध गाँजा बरामद गरेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले जानकारी दिइन् ।

लगत्तै साधु यादवलाई गाँजा सहित नियन्त्रणमा लिएको गिरीले जानकारी दिइन् । यादव हाल इलाका प्रहरी कार्यालय गरुडाको नियन्त्रणमा रहेका छन् भने निजमाथि लागु औषध बेचबिखन सम्बन्धी मुद्दा दायर गरी कारबाही प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

# सीके राउत सम्बन्ध बिच्छेदको मुद्दा बोकेर पुगे अदालत

**दैनिक समाचारदाता**
**काठमाडौं, २७ भदौ ।**

जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सीके) राउत सम्बन्धबिच्छेदको मुद्दा बोकेर अदालत पुगेका छन् । राउतले ललितपुर जिल्ला अदालतमा सम्बन्धबिच्छेदको मुद्दा (फिरादपत्र) दायर गरेका हुन् ।

गत भदौ १२ गते नै राउतले मुद्दा दर्ता गराएको अदालतका प्रवक्ता रामसजिवन महतोले जानकारी दिए । राउतले श्रीमती सोनी सिन्धु घरमा नबस्ने अनि माइतमात्र जाने गरेको फिरादपत्रमा उल्लेख छ । सिन्धु लामो समयदेखि भारतमा रहँदै आएको दाबी पनि उनले उक्त मुद्दामा उल्लेख गरेका छन् ।

उक्त मुद्दामा अहिले जिल्ला अदालतले म्याद तामेलीको तयारी गरिरहेको छ । राउतले श्रीमतीले आफ्ना छोराछोरी र परिवारको दायित्व पुरा नगरेकाले मुलुकी संहिता अनुसार आफू अलग भएर बस्न चाहेको फिरादपत्रमा उल्लेख गरेका छन् । राउतकी श्रीमती सिन्धु भारतीय नागरिक हुन् भने उनीहरूका दुई छोरी र एक छोरा छन् ।

राउतले मुद्दामा 'अंश' दिएर राख्न पनि आफू तयार रहेको फिरादपत्रमा उल्लेख गरेका छन् । जिल्ला अदालतका अनुसार प्रतिवादी सिन्धुको म्याद तामेलीपछि मात्र यो विवादमा पेसी सुरु हुने छ । दुवै पक्षको जवाफ आएपछि जिल्ला अदालतले सम्बन्ध विच्छेद हुने वा नहुने निर्णय सुनाउने छ । रातोपाटीबाट


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउके दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।
***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अनुरोधकर्ता : बोदेबर्साइन नगरपालिका, सप्तरी**

## सम्पादकीय

### आ–आफ्नो अधिकार सुनिश्चित गर्नेतर्फ ध्यान केन्द्रित गर

मुलुकका अधिकांश स्थानीय तह राजनीतिको अखाडा बन्दै जाँदा पनि सम्बन्धित निकाय अझै गम्भिर बन्न सकेको छैन् । त्यसमा पनि मधेशका स्थानीय तह सबै भन्दा अगाडी छ । ती पालिकाहरुमा विगत भन्दा बढी जालझेल बढ्दै गएको छ । पालिकाहरुमा प्रमुख⁄अध्यक्ष र उपप्रमुख⁄उपाध्यक्षबीच अधिकार प्रत्याजोनका लागि विगत झै अहिले पनि द्वन्द नै चलिरहेको छ । यस बाहेक जनप्रतिनिधि र कर्मचारीहरुबीच पनि कहिले काही आन्तरिक द्वन्द चर्किने गरिएको सुन्न पाइन्छ । चाहे त्यो बजेट बिनियोजनको सवालमा होस् वा विकासीय योजनाहरु बाँडफाँडको विषयमा होस् । कोही एक मत हुन सकिरहेका छैनन् । जसले गर्दा जनताको चाहना अनुरुप कुनै कार्य अघि बढ्न सकेको छन् ।

यता सप्तरी पनि त्यस्ता विषयमा पछाडी छैन् । सप्तरीमा पनि यस्ता आन्तरिक द्वन्द भएकै हो । यहाँका अधिकांश पालिकाहरुमा यस्ता द्वन्दले सतह नै नाघिसकेको छ । हाल राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, विष्णुपुर गाउँपालिका, राजगढ गाउँपालिका, कंचनरुप नगरपालिका र डाक्नेश्वरी नगरपालिका पनि यसको चपेटमा छ । यी पालिकाहरुमा कतै प्रमुख र प्रशासकीय अधिकृतबीच त कतै प्रमुख र उपप्रमुखबीच त कतै जनप्रतिनिधि र कर्मचारीबीचको किचलोले जनताको आधारभुत सेवादेखी विकासीय कार्य समेत प्रभावित भइरहेको छ ।

यसरी मुलुकमा संघीय गणतन्त्रको आएको ८ वर्ष बितिसक्दा पनि स्थानीय पालिकाहरुमा अहिले पनि हैकमवादी प्रवृती हावी हुँदै गएको छ । तसर्थ संघीय राज्यको परिकल्पना साकार गर्न स्थानीय तहहरुले आफ्नो जिम्मेवारी बोध गर्नु आवश्यक छ । यसका लागि जनतासँग सरोकार राख्ने सबै विषयमा जनप्रतिनिधिहरु गम्भिर भई आन्तरिक सबैखाले द्वन्दलाई समाधान गर्नेतर्फ अग्रसर हुनु पर्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# कस्तो बनाउने सार्वजनिक सेवा प्रसारण संस्था ? यी हुन् विधेयकमा भएका व्यवस्था

**हेमन्त जोशी**

काठमाडौँ, २७ भदौ (रासस) ।

राष्ट्रिय आमसञ्चार नीति, २०७३ ले परिकल्पना गरेको 'सार्वजनिक सेवा प्रसारण'सम्बन्धी व्यवस्था कानुन निर्माणको अन्तिम चरणमा छ ।

राष्ट्रियसभामा उत्पत्ति भएको 'सार्वजनिक सेवा प्रसारण विधेयक' शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफल भई उक्त समितिको प्रतिवेदनसहित प्रतिनिधिसभाको मङ्गलबारको बैठकबाट पारित भएको हो ।

नेपालमा हाल सञ्चालित सरकारी, निजी तथा सामुदायिक सञ्चारमाध्यमको भन्दा फरक प्रकृतिको स्वामित्व रहनेगरी सञ्चालनमा ल्याउन खोजिएको 'सार्वजनिक सेवा प्रसारण संस्था'लाई कानुनी आधार प्रदान गर्न 'सार्वजनिक सेवा प्रसारण विधेयक, २०८१' ल्याइएको हो ।

दुई सरकारी सञ्चारमाध्यम नेपाल टेलिभिजन र रेडियो नेपाललाई गाभेर पुनःसंरचनासहित स्थापना हुने सार्वजनिक सेवा प्रसारण संस्था कस्तो हुन्छ ? र यसको कार्य सम्पादन कसरी हुन्छ ? भन्ने सवाल संसद्मा पनि उठेका थिए । यस्तो संस्थाको सञ्चालन एवं व्यवस्थापन, आर्थिक तथा प्राविधिक पक्ष, सम्पादकीय स्वतन्त्रता र निष्पक्षतालगायत विषयमा बढी चासो देखिएको छ ।

संस्था सञ्चालनका लागि सञ्चारमन्त्रीको अध्यक्षतामा एक परिषद् र सरकारबाट नियुक्त कार्यसमिति अध्यक्ष रहने संस्थाको सम्पादकीय स्वतन्त्रता कायम रहनेमा संसद्मा सांसदहरुले प्रश्न उठाउनुभएको थियो । यस्तो व्यवस्थापकीय प्रबन्धले सार्वजनिक सेवा प्रसारण संस्था विद्यमान सरकारी सञ्चार संस्थाहरुभन्दा फरक हुनसक्नेमा सांसदहरुले आशंका व्यक्त गर्नुभएको थियो । संस्थालाई संसद् मातहत राख्नसके सरकारको प्रतिच्छायाबाट मुक्त हुने र जनजीविकाका विषय समेट्न सक्ने धारणा पनि सांसदहरुबाट आएको थियो ।

राष्ट्रिय आमसञ्चार नीतिमा राखिएको सार्वजनिक सेवा प्रसारणको अवधारणाअनुसार सरकारले विधेयक तयार पारेको र लोकतान्त्रिक मूल्य, मान्यता तथा स्वतन्त्र पत्रकारिताको मर्मलाई आत्मसाथ गर्दै स्वच्छ, निष्पक्ष एवम् जनताप्रति उत्तरदायी सञ्चारमाध्यमका रुपमा यो संस्था सञ्चालन गरिने सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङको दावी थियो ।

विधेयकले सार्वजनिक सेवा प्रसारण संस्थालाई एक अविछिन्न उत्तराधिकारीवाला स्वशासित र सङ्गठित संस्थाका रुपमा परिभाषित गरेको छ । यस्तो संस्थाको नीति निर्माण गर्न तथा सो संस्थाले सम्पादन गर्नुपर्ने कार्यका लागि नीतिगत निर्देशन दिन सञ्चार तथा सूचना प्रविधिमन्त्रीको अध्यक्षतामा एक परिषद् रहने व्यवस्था विधेयकमा राखिएको छ । उक्त परिषद्मा अर्थ मन्त्रालय, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सचिवका सचिव सदस्यका रुपमा रहनेछन् ।

त्यस्तै, विभिन्न पेसाकर्मी र समाजसेवीमध्येबाट प्रत्येक प्रदेश सरकारबाट एक⁄एक जनाका दरले मनोनीत सात जना सदस्य रहनेछन् । पिछडा वर्ग, अल्पसङ्ख्यक, किसान, श्रमिक, पिछडिएको क्षेत्र, पर्यटन, शिक्षालगायत क्षेत्रको प्रतिनिधित्व गर्नेगरी मन्त्रालयबाट मनोनीत कम्तिमा दुई महिलासहित सात जना पनि उक्त परिषद्मा रहनेछन् । त्यस्तै, जिल्ला समन्वय महासङ्घ, गाउँपालिका महासङ्घ र नगरपालिका सङ्घको प्रतिनिधिसमेत परिषद्मा अटाउने व्यवस्था राखिएको छ ।

स्रोता तथा दर्शक समूहका कम्तीमा एक महिलासहित मन्त्रालयबाट मनोनीत तीन जना, चलचित्र विकास बोर्डको अध्यक्ष, नेपाल पत्रकार महासङ्घको अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घको अध्यक्ष, नेपाल विज्ञापन सङ्घको अध्यक्ष, मान्यताप्राप्त विश्वविद्यालयको पत्रकारिता विषयका प्राध्यापक वा सहप्राध्यापकमध्येबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा एक महिलासहित दुई जना सदस्य रहनेछन् । कार्यकारी समिति अध्यक्ष परिषद्को सदस्य सचिव रहने व्यवस्था विधेयकमा राखिएको छ ।

सार्वजनिक सेवा प्रसारण संस्थाको उद्देश्य प्राप्तिका लागि कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने, संस्थाको अध्यक्ष, सदस्य र कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्ने, वार्षिक योजना तथा कार्यक्रमअनुसार भएको कामको समीक्षा गर्ने, सार्वजनिक सेवा प्रसारण सम्बन्धमा अपनाउनुपर्ने नीतिबारे सरकारलाई सुझाव दिनेलगायत विषय परिषद्को काम, कर्तव्य र अधिकारभित्र राखिएका छन् ।

त्यस्तै, सार्वजनिक सेवा प्रसारण संस्थामा एक कार्यकारी समिति रहने व्यवस्था विधेयकमा राखिएको छ । सरकारले खुल्ला प्रतिस्पर्धाका आधारमा छनोट गरी नियुक्त गरेको व्यक्ति समितिको अध्यक्ष रहनेछन् । त्यस्तै, सञ्चार मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत र मन्त्रालयले मनोनीत गरेको कम्तीमा एक महिलासहित तीनजना सदस्य रहने विधेयकमा उल्लेख छ । कार्यकारी समितिको अध्यक्ष सार्वजनिक सेवा प्रसारण संस्थाको कार्यकारी प्रमुख हुनेछ भने प्रमुख प्रशासकीय अधिकृतले कार्यकारी समितिको सचिव भई काम गर्नेछ । अध्यक्षको पदावधि पाँच वर्षको हुनेछ ।

विधेयकमा कार्यकारी समितिको अध्यक्ष र सदस्यको योग्यता तोकिएको छ । अध्यक्षको हकमा कम्तीमा स्नातकतह उत्तीर्ण गरी पत्रकारिता, मानविकी, व्यवस्थापन, सूचना प्रविधि वा प्रसारणसम्बन्धी इञ्जिनियरिङ क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ । त्यस्तै, सदस्यको हकमा कम्तीमा स्नातकतह उत्तीर्ण गरी टेलिभिजन, रेडियो वा प्रसारण प्रविधिको क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव प्राप्त गरेका व्यक्ति हुनुपर्नेछ । अध्यक्ष र सदस्यका लागि तोकिएको योग्यतामा नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको र आमसञ्चार संस्थाको पदाधिकारी, सञ्चालक वा सम्पादक नरहेको हुनुपर्नेछ ।

कार्यकारी समितिले सार्वजनिक सेवा प्रसारण संस्थाको वार्षिक नीति, योजना कार्यक्रम र बजेट स्वीकृत गर्नेछ । त्यस्तै, संस्थाको वार्षिक प्रतिवेदन परिषद्मा पेस गर्ने, संस्थाको आचारसंहिता, मापदण्ड तथा निर्देशिका जारी गर्ने, समग्र व्यवस्थापनको रेखदेख, सुपरीवेक्षण तथा नियन्त्रण गर्ने, सम्पादकीय स्वतन्त्रता र निष्पक्षताको संरक्षणका लागि आवश्यक कार्य गर्नेलगायत काम, कर्तव्य र अधिकार तोकिएका छन् ।

दुई संस्था गाभिएर बन्ने सार्वजनिक सेवा प्रसारण संस्थाको आफ्नो छुट्टै कोष रहने व्यवस्था विधेयकमा राखिएको छ । उक्त कोषमा सङ्घ, प्रदेश र स्थानीय तहबाट प्राप्त अनुदान, विदेशी सरकार वा विदेशी सङ्घसंस्थाबाट प्राप्त रकम र सार्वजनिक सेवा प्रसारण संस्थाको आम्दानीबाट प्राप्त रकम जम्मा हुने व्यवस्था राखिएको छ । विदेशी सरकार वा विदेशी सङ्घसंस्थाबाट रकम प्राप्त गर्नुअघि अर्थ मन्त्रालयको स्वीकृति भने लिनुपर्नेछ ।

विधेयकमा स्रोत तथा दर्शक समूह गठन गर्न सकिने व्यवस्थासमेत राखिएको छ । "सार्वजनिक सेवा प्रसारण संस्थाले प्रसारण गरेको कार्यक्रम तथा समाचारको सम्बन्धमा आवश्यक राय, सल्लाह, सुझाव लिनका लागि श्रोता तथा दर्शक समूह गठन गर्न सकिनेछ", विधेयकमा भनिएको छ । यस्तो समूहका कम्तीमा एक महिलासहित तीन जना परिषद्मा रहनेछन् ।

त्यस्तै, प्रसारण फ्रिक्वेन्सीको पहिलो प्राथमिकतामा सार्वजनिक सेवा प्रसारण संस्थालाई राखिनुपर्ने पनि विधेयकमा उल्लेख छ । सरकारले यस्तो संस्थालाई उपलब्ध गराउने प्रसारण फ्रिक्वेन्सीमा कुनै शुल्क लाग्ने छैन ।

यो विधेयक प्रमाणीकरण भएर ऐनका रुपमा लागु भएपछि ऐन प्रारम्भ हुँदाका बखत नेपाल टेलिभिजन र रेडियो नेपालमा स्वीकृत दरबन्दीलाई सार्वजनिक सेवा प्रसारण संस्थाको आवश्यकता र औचित्यका आधारमा पुनरावलोकन गरी दरबन्दी पुनःसंरचना गरिनेछ । ऐन कार्यान्वयनमा जाँदाको बखत नेपाल टेलिभिजन र रेडियो नेपालमा कार्यरत स्थायी कर्मचारी मिल्दो दरबन्दीअनुसार पद, तह र श्रेणीमा समायोजन हुनेछन् । करारमा नियुक्त वा सम्झौता भई कार्यरत कर्मचारीको हकमा संस्थाको आवश्यकताअनुसार मात्र व्यवस्थापन गरिने विधेयकमा उल्लेख गरिएको छ ।

संस्थाका लागि सिर्जना गरिएको दरबन्दी बमोजिम मिल्दो पद, तह र श्रेणीमा समायोजन हुन नसकेका कर्मचारीलाई निजको बाँकी अवधि गणना गरी अवकाश दिने व्यवस्था विधेयकमा राखिएको छ । समायोजन भएका कर्मचारीको सेवा सुविधा खाईपाई आएको सेवा सुविधाभन्दा कम हुने छैन भने नेपाल टेलिभिजन र रेडियो नेपालको अहिलेको सम्पत्ति तथा दायित्व संस्थाको नाममा सर्नेछ ।

विधेयकको प्रस्तावनामा संविधानद्वारा पदत्त नागरिकको विचार र अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हक प्रत्याभूत गर्न, तटस्थ, निष्पक्ष, तथ्यपरक र वस्तुनिष्ठ सूचना, समाचार, शिक्षा मनोरञ्जनात्मक कार्यक्रम उत्पादन र प्रसारण गरी राष्ट्रिय एकता एवं राष्ट्रिय हित प्रवर्द्धन गर्न तथा समावेशी लोकतन्त्रको सुदृढीकरण गर्न जनउत्तरदायी सार्वजनिक सेवा प्रसारण संस्थाको स्थापना र सञ्चालनका लागि यो कानुन आवश्यक रहेको उल्लेख छ ।

सार्वजनिक सेवा प्रसारण संस्थाका कार्य पनि विधेयकमा राखिएका छन् । यस्तो संस्थाले सार्वजनिक सरोकार र नागरिकका आवस्यकताअनुसारको विषयमा कार्यक्रम उत्पादन तथा प्रसारण गर्नेछ । नागरिकको सूचनाको हक कार्यान्वयनका लागि मुलुकका सबै भूभागमा प्रसारण सेवाको पहुँच पुर्‍याउन संस्थाले काम गर्नेछ । सूचना सम्प्रेषणद्वारा राष्ट्रभाषा, लोपोन्मुख मातृभाषा, कला संस्कृति र सभ्यताको संरक्षण तथा प्रवर्द्धनका लागि यो संस्थाले भूमिका खेल्नेछ ।

जनस्वास्थ्य, जनहित, वातावरण, जलवायु परिवर्तन, विपद् र अन्य आपतकालीन अवस्थासम्बन्धी सूचना तथा पूर्व जानकारी प्रवाह गरी जनचेतना जगाउने काम सार्वजनिक सेवा प्रसारण संस्थाले गर्नेछ ।

सचेतना र मनोरञ्जनात्मक कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने, ज्ञान विज्ञान र प्रविधि प्रवर्द्धन गर्ने, कृषि पर्यटन र प्राकृतिक स्रोतजस्ता विषयमा खोजमूलक तथ्य प्रचारमा ल्याई रोजगारमूलक कार्यक्रम प्रवर्द्धन गर्दै नेपालको अर्थ व्यवस्थालाई सबल बनाउन सहयोग पुर्‍याउने कार्यक्रम प्रसारण गर्ने संस्थाका रुपमा सार्वजनिक सेवा प्रसारण संस्थालाई विकास गर्न खोजेको विधेयकको व्यवस्थाबाट प्रष्ट हुन्छ ।

# भूकम्प र कोभिडपछि खस्किएको अर्थतन्त्रमा सुधार भएको छ : गभर्नर अधिकारी

पाटन (ललितपुर), २७ भदौ (रासस)।
नेपाल राष्ट्र बैंकका गभर्नर डा महाप्रसाद अधिकारीले भूकम्प र कोभिडपछि खस्किएको अर्थतन्त्र पछिल्लो दुई वर्षमा सुधार भएको बताउनुभएको छ। नेपाल खुला विश्वविद्यालय र कार्डिफ विश्वविद्यालयको संयुक्त आयोजनामा बिहीबार ललितपुरमा आयोजना भएको "अर्थशास्त्र, वित्त र सम्बन्धित विषयमा आधारित अन्तर्राष्ट्रिय सम्मेलन" मा गभर्नर अधिकारीले भूकम्प र कोभिडपछि खस्किएको नेपालको अर्थतन्त्र क्रमशः सुधार हुँदै पछिल्लो दुई वर्षमा निर्माण, उद्योग र व्यापारको क्षेत्रले बढि प्रगति गरेको बताउनुभएको हो।

"नेपालको वित्तीय सुधारसँगै राष्ट्र बैंकले मौद्रिक नीतिमा महत्वपूर्ण परिचालन सुधारको यात्रा पनि अघि बढाएको छ। २०१६/१७ मा ब्याज दर करिडोरको सुरुवात र २०२०/२१ मा रिजर्भ अनुकुल ब्याज दर लक्ष्यतिर सर्दै मौद्रिक नीति प्रसारणको प्रभावकारिता बढाउने उद्देश्यले यी परिचालन सुधारहरू क्रमशः हुँदै आएको छ।" उहाँले भन्नुभयो, "प्रभावकारी तरलता व्यवस्थापनका लागि २०२३/२४ मा स्थायी निक्षेप सुविधा, हालैका नीतिगत सुधारहरू, मौद्रिक नीति सञ्चालनको आधुनिकीकरण, ऋणको गुणस्तर अभिवृद्धि, डिजिटल बैंकिङ र फिनटेकलाई जोड दिने, आधुनिक भुक्तानी प्रणालीको विकास र त्यसलाई विश्व बजारमा एकीकरण गर्ने र वित्तीय सुदृढीकरणका उपायलाई निरन्तरता दिनेमा हाम्रा प्रयासहरु केन्द्रित रहेका छन्।"

देशको दिगो आर्थिक वृद्धिलाई परलक्षित गर्दै राष्ट्र बैंकले मौद्रिक नीति ल्याउने गरेको र यस सम्मेलनले नेपालको आर्थिक तथा मौद्रिक क्षेत्रको विश्लेषणात्मक अध्ययन मा टेवा दिँदै नीति निर्माणमा पनि सघाउने उहाँले बताउनुभयो। उहाँले विकसित विश्वव्यापी परिदृश्यमा नेपालको समष्टि आर्थिक अवस्था र दिगो र समावेशी वृद्धि सुनिश्चित गर्न सुधार गर्दै लचिलो वित्तीय क्षेत्र निर्माण गर्न आवश्यक छ भन्नुभयो। उहाँले विश्व बजारको अन्तरसम्बन्धलाई आर्थिक गतिविधिमा विश्वव्यापी भट्काको प्रभावलाई कम गर्न नीतिगत मेलमिलाप आवश्यक छ भन्नुभयो।

गभर्नर अधिकारीले यस सम्मेलनले वित्तीय स्थिरता, मौद्रिक नीति र समग्र वित्तीय विकासमा प्रमाणमा आधारित नीतिगत अन्तरदृष्टि प्रदान गर्नेछ भन्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले यस सम्मेलनले शैक्षिक समुदाय र केन्द्रीय बैंकिङ संस्था बीचको गतिशील संवादलाई प्रोत्साहन गर्छ, प्रमाणमा आधारित नीति निर्माणलाई बढावा दिन्छ र आर्थिक विज्ञानको विकासमा योगदान पुर्‍याउँछ भन्नुभयो।"हाम्रो फोकस मौद्रिक र म्याक्रोप्रुडेन्सियल नीतिहरू बीचको राम्रो समन्वयमा छ। बैंकिङ क्षेत्रले दिगो आर्थिक विकासमा टेवा पुर्‍याउने र सम्पत्तिको बुलबुलेको जोखिमलाई कम गर्न सक्ने सुनिश्चित गर्न उत्पादनशील क्षेत्रतर्फ ऋण प्रवाह गर्ने प्रयास गरिरहेका छौं। हामीले वित्तीय समावेशीकरणलाई पनि प्रवर्द्धन गर्दै आएका छौं।" उहाँले भन्नुभयो।

खुला विश्वविद्यालयका उपकुलपति शिलु मानन्धर बज्राचार्यले अर्थशास्त्र, वित्त र सम्बन्धित विषयमा आधारित रहेर गुणस्तरीय अनुसन्धानका लागि यस सम्मेलनले महत्वपूर्ण सन्दर्भहरुको उजागर गर्ने बताउनुभयो। "उहाँले यस सम्मेलनबाट हासिल हुने उपलब्धिले विश्वविद्यालय तथा शिक्षण संस्थाका लागिसमेत गुणस्तरीय अनुसन्धान र शिक्षण सिकाइका लागि अत्यन्तै प्रभावकारी तथा महत्त्वपूर्ण उपलब्धि हासिल हुने धारणा राख्नुभयो। यस कार्यले नेपालका विश्वविद्यालयले प्रदान गर्दै आएको उच्च शिक्षालाई प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

कार्डिफ विश्वविद्यालय युकेका अर्थशास्त्र विभागका प्रमुख प्राध्यापक कुल लुइँटेलले अर्थशास्त्र, वित्त, व्यवस्थापन, र सम्बन्धित विषयमा अत्याधुनिक अनुसन्धान प्रस्तुत गर्न र छलफल गर्न साझा मञ्च प्रदान गरेर नेपाली शिक्षाविद्हरूको क्षमता निर्माण र सञ्जाल निर्माणमा योगदान दिन यो सम्मेलन आयोजना गरिएको बताउनुभयो। यस सम्मेलनले सहभागीमा अर्थशास्त्र, वित्त, र सम्बन्धित क्षेत्रमा ज्ञानको विकासमा सहयोग पुर्‍याउने अपेक्षा गरिएको उहाँले जानकारी गराउनुभयो।

वित्तीय समावेशीकरण, दिगो वृद्धि र क्षेत्रीय एकीकरण जस्ता चुनौतीको सम्बोधन गर्न नेपाल खुला विश्वविद्यालयले सयुक्त अधिराज्यस्थित कार्डिफ विश्वविद्यालयलगायत नेपाल राष्ट्र बैंक, विश्वविद्यालय अनुदान आयोग, त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालयसँगको सहकार्यमा सो सम्मेलनको आयोजना गरिएको हो। सम्मेलनमा नेपालको विकास प्राथमिकता र संयुक्त राष्ट्र सङ्घको दिगो विकास लक्ष्यहरू, विशेषगरी गरिबी न्यूनीकरण, मर्यादित काम र दिगो आर्थिक वृद्धिसँग सम्बन्धित विषयवस्तु रहेको जानकारी गराइएको छ।

सम्मेलनको मुख्य उद्देश्य अन्तर्राष्ट्रियस्तरका अनुसन्धानकर्ता, अभ्यासकर्ता, नीति निर्माता, अन्वेषक, र अध्यतालाई एकसाथ ल्याएर अर्थतन्त्र, वित्त व्यवस्थापन र यससँग सम्बन्धित अरु विषयवस्तुका अत्याधुनिक अनुसन्धानबाट आएका नवीनतम निष्कर्षहरू प्रस्तुत गरी त्यसका मूलभूत मुद्दाको गहिरो विषलेण र छलफल गरी नेपालको शैक्षिक क्षेत्रको क्षमता विद्धि गर्ने र नेपालको शैक्षिक क्षेत्रको अन्तराष्ट्रिय अनुसन्धानकर्ताको सञ्जाल संग सामीप्यता वृद्धि गर्नु रहेको छ। सम्मेलनका विषयवस्तु नेपालका विकास प्राथमिकता र संयुक्त राष्ट्र सङ्घको दिगो विकास लक्ष्यहरू विशेष गरी गरिबी न्यूनीकरण, मर्यादित काम र दिगो आर्थिक वृद्धिसँग सम्बन्धित छन्।

दुई दिनसम्म सञ्चालन हुने सम्मेलनमा नेपालसहित चीन, बेलायत, नर्वे, स्पेनका ६० जना अर्थविद्को सहभागिता रहेको छ। सम्मेलनमा विश्वव्यापी अनुसन्धानकर्ता, अभ्यासकर्ताले अर्थशास्त्र, वित्त र सम्बन्धित विषयमा आधारित रहेर विज्ञहरुले तयार पार्नुभएको १० वटा कार्यपत्र प्रस्तुत भई छलफल हुनेछन्।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

तिरहुत गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी



लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

महादेवा गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी


## विश्व समाचार

### विश्वको आधाभन्दा बढी जनसंख्याको सामाजिक सुरक्षामा पहुँच : राष्ट्रसंघ

जेनेभा, २७ भदौ (रासस/एएफपी)।
विश्वव्यापी रूपमा पहिलो पटक आधाभन्दा बढी जनसङ्ख्याको कुनै न कुनै प्रकारको सामाजिक सुरक्षामा पहुँच भएको संयुक्त राष्ट्र सङ्घले बिहीबार जनाएको छ। यद्यपि, अझै पनि जलवायु परिवर्तनको प्रभावलगायत अन्य विषयको न्यूनिकरण आवश्यक रहेको राष्ट्र सङ्घले जनाएको छ। संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ)ले हालै सार्वजनिक गरेको एक प्रतिवेदनअनुसार विश्वको ५२.४ प्रतिशत जनसङ्ख्याले सामाजिक सुरक्षाको लाभ प्राप्त गरेको छ। विश्वको आधाभन्दा बढी मानिसहरूले सामाजिक सुरक्षामा आफ्नो पहुँच सुनिश्चित गरेको यो पहिलो रेकर्ड हो।

"यो स्वागतयोग्य प्रगति हो। तर अप्रकाशित वास्तविकता यो पनि हो कि अझै पनि ३.८ अर्ब मानिसहरू पूर्ण रूपमा असुरक्षित छन्," विश्वव्यापी रूपमा तीन चौथाई भन्दा बढी बालबालिकाको अझै पनि कुनै पनि किसिमको सामाजिक सुरक्षा प्राप्त नगरेको जानकारी गराउँदै आईएलओले आफ्नो प्रतिवेदनमा भनेको छ। आईएलओले सामाजिक सुरक्षा क्षेत्रमा स्वास्थ्य सेवामा पहुँच र विशेष गरी बुढ्यौली, बेरोजगारी, रोगी, अशक्तता, प्रसुति वा परिवारमा मुख्य आम्दानी गर्ने व्यक्तिको मृत्यु साथै बच्चा भएका परिवारहरूका लागि सम्बन्धित आय सुरक्षा उपायहरूको पहुँच समावेश गरेको छ।

"सामाजिक सुरक्षाको सन्दर्भमा विश्वमा रहेको भिन्नता हटाउन ढिलो भइरहेको छ", आइएलओले चेतावनी दियो। "यही गतिमा विश्वका हरेक मानिसलाई कम्तिमा एउटा सामाजिक सुरक्षामा समावेश गराउन थप ४९ वर्ष लाग्नेछ", प्रतिवेदनमार्फत चेतावनी दिइएको छ। आईएलओ प्रमुख गिल्बर्ट होङ्बोले जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित विश्वका धेरै देशमा देखिएको सामाजिक सुरक्षा दरमा विशेष चिन्ता व्यक्त गर्नुभएको छ। "यस सङ्कटको सबैभन्दा क्रूर परिणाम भोगिरहेका देश वातावरणीय र जीविकोपार्जनका परिणामहरू सामना गर्न असक्षम छन्," उहाँले भन्नुभयो।

जलवायु सङ्कटको सबैभन्दा जोखिममा रहेका २० देशको कुल ९१.३ प्रतिशत अझै पनि कुनै पनि प्रकारको सामाजिक सुरक्षाको अभाव छ, बिहीबार सार्वजनिक भएको प्रतिवेदनले जनाएको छ। आईएलओले सार्वजनिक गरेको प्रतिवेदनले सरकारलाई लाभले मानिसलाई आय सुरक्षा र स्वास्थ्य सेवामा पहुँचजस्ता कुराहरू सुनिश्चित गरेर जलवायुसम्बन्धी आघात अनुकूल बनाउन र सामना गर्न मद्दत गर्न सक्छ भन्ने कुरा औंल्याएको छ। आइएलओले विश्व हाल दुई धेरै फरक र भिन्न सामाजिक सुरक्षा मार्गहरूमा रहेको चेतावनी दिएको छ।

उच्च आय भएका देशहरूको लगभग ८६ प्रतिशत जनसङ्ख्या सामाजिक सुरक्षाको पहुँचमा छन्। उच्च-मध्यम-आय भएका देशका ७१.२ प्रतिशत जनसङ्ख्याले समाजिक सुरक्षाको लाभ लिईरहेका छन् भने कम-मध्यम-आय भएका देशको ३२.४ प्रतिशत जनसङ्ख्या सामाजिक सुरक्षाको पहुँचमा रहेको प्रतिवेदनले जनाएको छ। उच्च आय भएका देशहरूले सामाजिक सुरक्षाको क्षेत्रमा आफ्नो कुल गार्हस्थ उत्पादनको १६.२ प्रतिशत खर्च गर्छन् भने जलवायु परिवर्तनको जोखिममा रहेका देशसहित कम आय भएका देशहरूले मात्र ०.८ प्रतिशत खर्च गर्छन्। गरिब देशहरूलाई कम्तिमा आधारभूत सामाजिक सुरक्षा सुनिश्चित गर्न एक वर्षमा थप ती खर्ब आठ अर्ब ५० करोड डलर चाहिन्छ र त्यो लक्ष्यमा पुग्न अन्तर्राष्ट्रिय समर्थनको आवश्यकतामा आइएलओले जोड दिएको छ।

### पूर्वी एसियामा लाखौं मानिस बाढीबाट प्रभावित, २०० भन्दा बढीको मृत्यु

हनोई, २७ भदौ (रासस/एएफपी)।
दक्षिणपूर्वी एसियाका लाखौं मानिसले चक्रवात यागीका कारण प्रभावित हुनुपरेको छ। चक्रवातपछि भएको व्यापक बर्षाले निम्त्याएको बाढीका कारण यस क्षेत्रका २०० भन्दा बढी मानिसहरूले ज्यान गुमाएका छन्। बाढीका कारण यस क्षेत्रका घरहरू डुबानमा परेका छन् भने बिजुली लगायतका पुर्वाधारसमेतमा क्षति पुगेको छ। सबैभन्दा बढी प्रभावित भियतनाममा यागीका कारण मृत्यु हुनेको सङ्ख्या१९७ पुगेको छ भने उत्तरी थाइल्याण्डमा नौ जनाको मृत्यु भएको पुष्टि भएको छ।

यागीको साताव्यापी प्रहारले भारी वर्षा भएको र वर्षाका कारण आएको बाढीले उत्तरी भियतनाम, लाओस, थाइल्यान्ड र म्यानमारको भूभागलाई डुबाएको छ। संयुक्त राष्ट्रसङ्घीय बाल निकाय (युनिसेफ) ले चक्रवातले भियतनाममा १४ लाख भन्दा बढी घरहरू क्षतिग्रस्त भएको जनाएको छ। युनिसेफले सबैभन्दा बढी प्रभावित क्षेत्रहरूमा घर, स्वास्थ्य केन्द्र र विद्यालयहरूका लागि पानी उपलब्ध गराएको छ भने आगामी दिनमा भियतनामी सरकारलाई चिकित्सा र सरसफाइसम्बन्धी सामग्री पठाउने जनाएको छ।

बाढीका कारण २५ लाख हेक्टरभन्दा बढीक्षेत्रमा लगाएको बालीमा क्षति भएको र ठूलो सङ्ख्यामा गाईवस्तुहरू मरेका भियतनामको कृषि मन्त्रालयले जनाएको छ। युनेस्कोको विश्व सम्पदा स्थल लुआङ प्रबाङमा मेकोङ बिहीबार बाढीको प्रभाव उच्च स्तरमा पुग्ने अपेक्षा गरिएको आयोगले बुलेटिनमा जनाएको छ। यागीका कारण थाइल्यान्डमा मृतकको सङ्ख्या नौ पुगेको र चियाङ माई प्रान्तमा छ जनाको मृत्यु भएको विपद् रोकथाम तथा न्यूनीकरण विभागले जनाएको छ। यसै गरी चियाङ राई विमानस्थल लागि सबै उडानहरू स्थगित गरिएको उड्डयन अधिकारीहरूले बताएका छन्। म्यान्माको सिमानामा रहेको माई साई जिल्लाले ८० वर्षयताकै सबैभन्दा खराब बाढीको सामना गरिरहेको आन्तरिक मन्त्रालयका एक वरिष्ठ अधिकारी सुट्टीपोङ जुल्जारेर्नले विज्ञप्तिमार्फत जनाउनुभएको छ।

प्रधानमन्त्री पेतोङ्तार्न सिनावात्राले प्रभावित क्षेत्रमा सामान पठाउन आदेश दिनुभएको छ भने राहत कार्यमा सहयोग गर्न डुङ्गा, हेलिकप्टरलगायतका यातायात पठाउन सेनालाई परिचालन गर्नुभएको छ। म्यानमाको सरकारी समाचारपत्र ग्लोबल न्यू लाइटले याङ्गुन र माण्डलेबीचको मुख्य लाइनमा केही भागमा बाढीका कारण रेल सेवा स्थगित गरिएको जनाएको छ। जुलाईमा प्रकाशित एक अध्ययनले जलवायु परिवर्तनले तटीय क्षेत्रमा आँधीको प्रभाव तीव्र बनाएको र लामो समयसम्म यसको प्रभाव देखिने गरेको उल्लेख गरेको छ।

# चाडबाड लक्षित सहुलियत पसल असोज ७ गतेदेखि सञ्चालन हुने

काठमाडौँ, २७ भदौ (रासस)।

चाडबाड लक्षित सहुलियत मूल्य पसल आगामी असोज ७ देखि छठसम्म सञ्चालनमा आउने भएका छन्। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले गत सोमबार नेपाल आयल निगम, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड र दुग्ध विकास संस्थानलाई परिपत्र गर्दै चाडबाड लक्षित सहुलियत पसल सञ्चालन गर्न भनेको हो।

आमउपभोक्ताको हितलाई ध्यानमा राखी अत्यावश्यक खाद्य तथा उपभोग्य वस्तु सहुलियत मूल्यमा उपलब्ध गराउन चाडबाड अवधिभर यस्ता पसल सञ्चालनमा ल्याउन लागिएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले ४२ जिल्लाका ६१ स्थानमा सहुलियत मूल्य पसल सञ्चालन गर्नेछ।

सहुलियत मूल्य पसलमा सबै किसिमको चामलमा प्रतिकिलो रु पाँच छुट पाइने छ। कर्णालीका रैथाने उत्पादनहरु जुम्ली मार्सी चामल, कागुनो, चिनो, कर्णालीको सिमी, उवा र तितेफापरमा प्रतिकिलो रु सात छुट पाइने छ। सबै प्रकारका दाल तथा गेडागुडीमा प्रतिकिलो रु पाँच, गहुँको पिठो, चिउरा, चिनी, गहुँलगायत वस्तुमा प्रतिकिलो रु सात, सनफ्लावर, भटमास तथा तोरीको तेलमा प्रतिलिटर रु सात र डिडिसी घ्यूमा प्रतिलिटर रु १० छुट तथा च्याङ्ग्रा, खसी, बोकाको मासुमा प्रतिकिलो रु १० छुटको व्यवस्था मिलाइएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले जनाएको छ।

साल्ट ट्रेडिङ कर्पोरेसनले काठमाडौँ उपत्यकामा तीनवटा घुम्ती पसलसहित नौ स्थानमा सहुलियत मूल्य पसल सञ्चालन गर्नेछ। उपत्यकाबाहेक विभिन्न २२ जिल्लामा पनि साल्ट ट्रेडिङले सहुलियत सुविधा उपलब्ध गराउने जनाएको छ। साल्ट ट्रेडिङले नूनमा प्रतिकिलो रु दुई, चिनीमा प्रतिकिलो रु पाँच, तेलमा प्रतिलिटर रु सात र चिउरा, पिठो तथा मैदामा प्रतिकिलो रु सात छुट दिनेछ।

दुग्ध विकास संस्थानले यही भदौ १ गतेदेखि आगामी कात्तिक मसान्तसम्मका लागि चाडबाड लक्षित छुट योजना सञ्चालन गरिरहेको छ। चाडपर्व लक्षित मूल्य सहुलियत पसल सञ्चालनका लागि ढुवानी र आपूर्ति सहजीकरण गर्न गृह मन्त्रालयलगायत अन्य निकायसँग समन्वय गरिएको दुग्ध विकास संस्थानले जनाएको छ। त्यस्तै, चाडपर्वको समयमा पेट्रोलियम पदार्थको सहज र नियमित आपूर्तिको व्यवस्था मिलाउन आयल निगमलाई निर्देशन दिइएको मन्त्रालयले जनाएको छ।

चाडपर्व लक्षित सहुलियत मूल्य पसलबाट उपलब्ध गराइने वस्तु तथा सोको मूल्य बिक्रीकक्ष बाहिर सबैले देख्ने गरी राख्नुपर्नेछ। यस्ता पसलबाट बजार मूल्य नियन्त्रण र गुणस्तरीयता कायम गरी सरल, सहज र सर्वसुलभ रुपमा उपलब्ध गराउने उद्देश्य सरकारले राखेको छ। चाडबाडको समयमा उपभोक्ता बजारमा निजी क्षेत्रको एकाधिकार हुन नदिन भन्दै सरकारले हरेक वर्ष सहुलियत मूल्य पसल सञ्चालन गर्दै आएको हो।

# विदेश पठाइदिने भन्दै ठगी गर्ने पक्राउ

काठमाडौँ, २७ भदौ (रासस)।

वैदेशिक रोजगारमा बेरोजगार युवायुवतीलाई विभिन्न देश पठाइदिने भन्दै रु २३ लाख ८५ हजार ठगी गरेको अभियोगमा प्रहरीले तीन जनालाई पक्राउ गरी बिहीबार सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा सिरहाको सिरहा नगरपालिका-७ घर भई हाल काठमाडौँ महानगरपालिका-९ सिनामङ्गल बस्ने ३० वर्षीय सुशान्त सिंह, कपिलवस्तुको कृष्णनगर नगरपालिका-११ घर भई काठमाडौँ सिनामङ्गल बस्ने ३६ वर्षीय सल्लउदिन वेग तथा तेह्रथुमको फेदाप गाउँपालिका-८ घर भई हाल बूढानीलकण्ठ नगरपालिका-८ हात्तीगौँडा बस्ने ५३ वर्षीय राजु दाहाल रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिनुभयो।

उहाँका अनुसार पक्राउ परेकामध्ये सिंहले दुई जनालाई दुबई पठाउने भन्दै रु आठ लाख ४० हजार, वेगले दुई जनालाई कुवेत पठाउने भन्दै रु सात लाख २० हजार तथा दाहालले तीन जनालाई क्रोएसिया पठाउने भन्दै रु आठ लाख २५ हजार रकम लिई विदेश नपठाइ सम्पर्कविहीन भएको पीडितको उजुरीका आधारमा काठमाडौँका विभिन्न स्थानबाट पक्राउ गरी बिहीबार सार्वजनिक गरिएको हो।

पक्राउ परेका तीनै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि बिहीबारै वैदेशिक रोजगार विभाग, ताहाचल पठाइएको सूचना अधिकारी आचार्यले बताउनुभयो।

# दरबन्दी नभएका तहमा कार्यरत स्वास्थ्यकर्मीको समायोजन हुने

काठमाडौँ, २७ भदौ (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले समायोजनका क्रममा जटिलता देखिएका स्वास्थ्यकर्मीको समायोजनका लागि नीतिगत निर्णय गरेको छ। फाजिल वा दरबन्दी नभएको तहमा कार्यरत स्वास्थ्यकर्मीलाई उहाँहरुको मागबमोजिम समायोजनसम्बन्धी नीति संशोधन हुने व्यवस्था गरेको हो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कर्मचारी समायोजनका क्रममा जटिलता देखिएका स्वास्थ्यकर्मीको समायोजनका लागि नीतिगत निर्णय गरेको हो। मन्त्रालयले समायोजनका क्रममा रहेका तर पत्राचार हुन बाँकी कर्मचारीका हकमा समायोजन पत्र जारी गर्न सिफारिस गर्ने भएको छ।

मन्त्रालयले दरबन्दी नभएका तहमा कार्यरत स्वास्थ्यकर्मीको समस्या समाधान गर्न चालु आर्थिक वर्षभित्र एक पटकका लागि त्यस्तो संशोधन गर्ने कार्यविधि तयार गरेको थियो।

गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकमा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले यससम्बन्धी प्रस्ताव लगेकामा मन्त्रिपरिषद्ले पारित गरेको जनाउनुभयो। प्रस्ताव स्वीकृत भएपछि अब समायोजनका क्रममा रहेर पत्राचार हुन बाँकी कर्मचारीका हकमा मन्त्रालयले समायोजन पत्र जारी गर्न सिफारिससमेत गर्ने उहाँले उल्लेख गर्नुभयो।

मन्त्रालयले अब सङ्घ पुल र मेडिकल बोर्डमा सिफारिसमा सङ्घ पुलमा समायोजन भएका स्वास्थ्यकर्मीलाई चालु आर्थिक वर्षभित्रै दरबन्दी मिलान गर्न सिफारिस गर्ने जनाएको छ।

त्यसैगरी प्रदेश तथा स्थानीय सेवामा समायोजन भएका स्वास्थ्यकर्मीलाई दोहोरो सहमतिका आधारमा दरबन्दी तथा तलबको सुनिश्चितता हुनेगरी सङ्घबाट प्रदेश तथा स्थानीय तह र एक प्रदेशबाट अर्को प्रदेशमा, एक प्रदेशको स्थानीय तहबाट अर्को तहमा काजमा खटाउने भएको छ।

मन्त्रालयले स्थानीय तहमा समायोजन भएका तर एमडी/एमएस (चिकित्सा शिक्षाको स्नातकोत्तर तह) विशेषज्ञता हासिल गरेका चिकित्सकलाई कार्यरत तह वा प्रदेशको सहमतिका आधारमा प्रदेशमा कामकाजमा खटाउन सिफारिस गर्नेछ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

राजगढ गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी

# विमानस्थलद्वारा सुरक्षा जाँचका क्रममा खादा र माला प्रयोग नगर्न आग्रह

काठमाडौँ, २७ भदौ (रासस)।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले विदेशमा जाने यात्रुले सुरक्षा जाँचका क्रममा आफुले लगाएका खादा तथा माला प्रयोग नगरिदिन आग्रह गरेको छ।

यात्रुहरुले लगाएका खादा र मालाका कारण सुरक्षा जाँचका क्रममा विमानस्थलका जाँच उपकरण एक्सरे, कन्भेयर बेल्ट तथा स्केलेटरमा अड्किएर क्षति पुऱ्याइरहेकाले उक्त जाँचका क्रममा खादा तथा माला प्रयोग नगरिदिन आग्रह गरिएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्ध जगन्नाथ निरौलाले राससलाई जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "सुरक्षा जाँचका क्रममा यात्रुले लगाएका खादा र माला नलगाउन बिहीबार एक सूचना जारी आग्रह गरेका छौँ, अन्य बेला लगाए पनि सुरक्षा जाँचका क्रममा खादा र माला झोलामा राख्नुपर्ने छ।"

यसैगरी यात्रुले लगाएको खादा र माला विमानस्थलका विभिन्न भागमा अलपत्र छाडी जाने गर्नाले समेत विमानस्थलको सौन्दर्यतामा नकारात्मक असर पुग्ने गरेको महाप्रबन्धक निरौलाको भनाइ छ। खादा र माला आफैसँग लैजानै परे यात्रुले झोलाभित्र राखेर लैजानसक्ने विमानस्थल कार्यालयले जनाएको छ।

# पाँच महिनादेखि चिकित्सक बेपत्ता

जलेश्वर, २७ भदौ (रासस)।

भङ्गहा नगरपालिका-२ बखरी गाउँका स्थायी बासिन्दा ५० वर्षीय चिकित्सक प्रबोधकुमार यादव गत वैशाख ३ गतेदेखि बेपत्ता हुनुहुनभएको छ।

काठमाडौँमा बस्दै आउनुभएका उहाँ कामको सिलसिलामा जनकपुर पुगेपछि परिवारको सम्पर्कमा नआएपछि खोजीका लागि स्थानीय प्रशासनसमक्ष हारगुहार गरिएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार उहाँले २०८१ वैशाख ३ गते श्रीमती पुनमकुमारीसँग टेलिफोनमा कुरा भएको थियो। सोही दिन अपराह्न ३ बजेदेखि उनको मोबाइल बन्द भएको उहाँकी श्रीमतीले बताउनुभयो। प्रहरीले बेपत्ता यादवको खोजतलास भइरहेको जनाएको छ।

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु। - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु। - आँखाको गेडी दुख्नु। - अत्याधिक टाउके दुख्नु। - शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं। - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं। - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं। - पानी राखेको भाँडालाई छोपेर राखौं। - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**अनुरोधकर्ता : महादेवा गाउँपालिका, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*